मध्यनेपाल नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४,    संख्या:१ ,    प्रकाशित मितिः २०७८।०३।२२

**भाग-२**

## मध्यनेपाल नगरपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि,२०७७

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८को क्र.सं.१५ बमोजिम उचित व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,मध्यनेपाल नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ अनुसार नगर कार्यपालिकाको मिति २०७७/०४/२२ को बैठकको निर्णय अनुसार "ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि २०७७" जारी गरिएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भः**

**क.**यस कार्यविधिको नाम:"ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि २०७७" रहेको छ ।

ख.यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेको मितिवाट लागु हुनेछ ।

**२ परिभाषा:**विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:
क)“ऐन”भन्नाले ज्येष्ठ नागरिक सम्वन्धि ऐन, २०६३ सम्झनु पर्दछ।
ख)“नियमावलि”भन्नाले ज्येष्ठ नागरिक सम्वन्धि नियमावली ,२०६५ सम्झनु पर्दछ ।
ग)“नगरपालिका” भन्नाले मध्यनेपाल नगरपालिका सम्झनु पर्दछ ।
घ)“वडा कार्यालय”भन्नाले मध्यनेपाल नगरपालिकाका सवै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।
ङ)“ज्येष्ठ नागरिक ”भन्नाले ६० वर्ष उमेर पुरा गरेका नेपाली नागरिकलाई सम्झनु पर्दछ ।

**३ परिचय-पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ र ज्येष्ठ नागरिक सम्वन्धि नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**४ उद्देश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र नगरपालिकामा नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने।
ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।
ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने।

**५लक्षित वर्ग :**

ऐनले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**६ ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ :
(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,
(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,
(ग) असहाय ज्येष्ठ नागरिक,
(घ) अशक्त ज्येष्ठ नागरिक,
(ङ) एकल ज्येष्ठ नागरिक ।

**७. परिचय-पत्र वितरणका मापदण्ड :**

नियमावलीको नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**८. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचाः**

क)नियमावलीको अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस कार्यविधिको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

ख)नगरपालिका वाट वितरण हुने ज्येष्ठ नागरिक परिचयपत्रको अभिलेख अनुसूची २ वमोजिमको ढाँचामा राखिनेछ।

**९. परिचय-पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको छाँयाप्रति र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्रप्रदान गर्ने अधिकारी नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी नगरपालिकाको कार्यालयमा राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित वडा कार्यालयको सिफारिश सहित नगरपालिकामा निवेदन पेस गर्नुपर्ने छ ।

**१०.विविध :**

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि नगरपालिकाले आफ्नो कार्यविधिमा थपघट गर्न सक्नेछ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्था बाहेक प्रचलित कानुनको अधीनमा रही प्रमुख प्रशासकिय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

(ग) यो कार्यविधि लागू हुनुभन्दा पहिले नगरपालिका वाट वितरण गरिएका ज्येष्ठ नागरिक परिचयपत्रहरु यसै कार्यविधिअनुसार वितरण भएको मानिनेछ।

## अनुसूची १
## ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा
**ज्येष्ठ नागरिक परिचय-पत्र**फोटो

प.प. नं :-
नाम थरः ............................................
ना.प्र.न.: ........................................
ठेगानाः जिल्ला लमजुङ, न.पा.: मध्यनेपाल
वडा नं.: ..... टोल/गाऊँः ....................
उमेरः ....... लिङ्गः ..........
उपलब्ध छुट तथा सुविधाहरु :सार्वजनिक यातायात तथा औषधि उपचारमा नियमानुसार छुट
पति/पत्नीको नाम : .........................................................
हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः ......................................................... संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. : ......................................................................................................................... रक्त समूह

र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम ...............................................................................................................

**प्रमाणित गर्ने अधिकृतकोः-**
दस्तखत : नाम थर :
पद :
कार्यालय : मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
भोर्लेटार,लमजुङ।

## अनुसूचि २
## ज्येष्ठ नागरिक परिचयपत्रको अभिलेख

| परिचय प.न. | ज्येष्ठ नागरिक परिचयपत्रप्राप्त गर्ने व्यक्तिको नाम थर | जन्ममिति | ना.प्र. नं | वर्ष | लिङ्ग | बावुको नाम | हजुरवुवाको नाम/ससुराको नाम | अभिभाव कवा संरक्षकको नाम | नाता | फोटो | परिचय पत्रप्रदानगर्नेअधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

आज्ञाले
बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत